# स्थानीय तहको योजना प्रक्रियामा यूवा सहभागिता सम्बन्धि कार्यविधि

# २०८१

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी, कालिकोट

कर्णाली प्रदेश, नेपाल ।

# स्थानीय तहको योजना प्रक्रियामा यूवा सहभागिता सम्बन्धि कार्यविधि-२०७९

**प्रस्तावना :**

स्थानीय तहको योजना निर्माण प्रक्रियामा विकासको आधारशिलाको रुपमा रहेका यूवाको अर्थपूर्ण सहभागिता बढाउने उद्देश्यले स्थानीय तहको आवश्यकता र प्राथमिकताको आधारमा युवा सँगको सहकार्य व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफ (१) बमोजिम सान्नी त्रिवेणी गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०७९** रहेको छ ।

(क) यो कार्यविधि सान्नी त्रिवेणी गाँउ कार्यपालिकाबाट ............मितिमा स्वीकृत भई लागु भएको छ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : -

(क) अध्यक्ष भन्नाले स्थानीय तहका अध्यक्ष सम्झनु पर्दछ ।

(ख) उपाध्यक्ष भन्नाले स्थानीय तहका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) प्राथमिकता समुहका यूवा भन्नाले भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक, मानवीय तथा राजनितिक रुपमा पिछडिएको समुदायमा रहेका यूवाहरुलाई सम्झनु पर्दछ ।

(घ) स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका, उप महानगरपालिका र महानगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) यूवा भन्नाले १६ देखि ४० वर्ष सम्मका नागरिकलाई सम्झनु पर्दछ ।

(च) युवाको अर्थपुर्ण सहभागिता भन्नाले योजना प्रक्रियामा यूवाको सहभागिता लक्षित समुह साझेदार नेतृत्वको रुपमा हुने सम्झनु पर्दछ ।

(छ) यूवा समावेशि सहभागिता भन्नाले स्थानीय तहको यूवा समन्वय समिति गठन, सहभागीता सदस्यको चयन र मनोनयनमा समावेशि सिद्धान्तको आधारमा कम्तिमा पचास प्रतिशत यूवा महिलाको प्रतिनिधित्व सम्झनु पदर्छ ।

(ज) यूवा समुह भन्नाले स्थानीय यूवाका क्षेत्रमा सक्रिय यूवा क्लब, यूवा सामाजिक सघं संस्था, स्काउट, यूवा तथा विद्यार्थी संगठन र उद्यमी यूवा स्वयंसेवक जस्ता संगठन हुने विषयगत समिति  सम्झनु पर्दछ ।

(झ) विषयगत समिति भन्नाले स्थानीय तहको कार्यतालिकाको कार्य विभाजन नियमावली बमोजिम स्थानीय तहमा युवा संगठन हुने विषयगत समिति सम्झनु पर्दछ ।

(ञ) विशेष प्रथामिकताको समुहका युवा भन्नाले द्वन्द्वपिडित, जोखिममा परेका, अपङ्गता भएका, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्याक, दलित, मुस्लिम समुदायका र पिछडिएको क्षेत्रका यूवा सम्झनु पर्दछ ।

(ट) समिति भन्नाले दफा १४ बमोजिमको युवा समन्वय समिति सम्झनु पर्दछ ।

(ठ) सरोकारवाला निकाय भन्नाले युवाका लागी सरोकार राख्ने सरकारी निकाय, विकास साझेदार, राजनीतिक दल, निजि क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, साँस्कृतिक तथा सामाजिक संघ सस्था, धार्मिक संघ संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था , शैक्षिक संस्था, समुदाय, परिवार, आफन्त र युवा समुह भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद २

## युवा अवस्थाको पहिचान र सहकार्य सम्बन्धि व्यवस्था

**३. युवाको तथ्याङ्क अभिलेखिकरण गर्ने :** (१) युवाको जनसंख्या, लिङ्ग, जातजाती, भाष, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यावसाय जस्ता विषयमा तथ्याङ्क राख्ने र अध्यावधिक गरिने छ ।

(२) युवाको क्षेत्रमा सक्रिय समुहको पहिचान गरी अभिलेख राख्ने । युवा क्लब, सामजिक संघ संस्था, स्काउट, राजनीतिक दल, उद्यमी, युवा स्वयंसेवी जस्ता सङ्गठित युवाको समुहलाई सहकार्यका लागी आव्ह्वान गरिने छ ।

(३) इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुसारको क्षेत्रमा संलग्न गराउन रोष्टर तयार गरी आवश्यकता अनुसार सहभागी गराइने छ ।

(४) सुचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अध्यावधिक र अभिलेख सम्बन्धि  व्यवस्थापन गरिने छ ।

(५) स्थानीय तह भित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई संलग्न साझेदार र विज्ञ सल्लाहकारको रुपमा सहभागी गराइने छ ।

४. **नीति निर्माण तथा कार्यान्वयनमा युवाको सहभागीता** : (१) युवाको क्षमता विकास गरी आधारभूत शक्तिका रुपमा स्थापित गरी सबै तहका नीति तथा योजना निर्माण, निर्णय तथा कार्यान्वयन प्रक्रियामा युवाको सहभागीता गराइने छ ।

(२) योजनाको छनौट र निर्माण प्रक्रियामा प्रत्यक्ष रुपमा युवालाई सहभागिता गराउन संस्थागत प्रणालीको विकास गरिने छ ।

(३) युवालाई विभिन्न क्षेत्रमा स्वयंसेवकका रुपमा सहभागी हुने अवसर प्रदान गरी नेतृत्वदायी भुमिका स्थापित गर्न र उदाहरणीय युवामैत्री स्थानीय सरकारको अवधारणलाई थप प्रभावकारी बनाईने छ ।

५. **युवामैत्री कार्यक्रमको तर्जुमा** : (१) युवामैत्री कार्यक्रम र्तजुमा, युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरक्रिया र पैरवीका लागी अनुकुल वातावरण सृजना गराईने छ ।

(२) स्थानीय तहको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा युवाको ज्ञान, सीप, धारणा र समयको प्रभाभकारी सदुपयोग गर्ने व्यवस्था मिलाईने छ ।

(३) समावेशि सिद्धान्त र सकारात्मक विभेदको माध्यम बाट समाजमा पछाडी परेका र पारिएका महिला युवा, अपाङ्गता भएका युवा, दलित युवा जस्ता प्राथमिकताका समुहका युवाहरुलाई मुलप्रवाहिकरण गर्नका लागी आवश्यक व्यवस्था मिलाइने छ ।

(४) विभिन्न उमेर समुहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समुहमा वर्गीकरण (१६-२५ वर्ष र २५-४० वर्ष) गरी दुई समुहमा विभाजन गरी लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।

६. **विभिन्न संघ संस्थाहरु सँग सहकार्य तथा समन्वय** : (१) स्थानीय तहको विकासमा युवा बिचको सहकार्य र समन्वयको क्षेत्रलाई सङ्गठित गरि प्रभावकारी बनाइने छ ।

(२) युवाको बृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय संघ संस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था सँग समन्वय गरी सरल र सहज वातावरण सृजना गरिने छ ।

## परिच्छेद - ३

## योजना प्रक्रियामा युवाको सहभागिता सम्बन्धि व्यवस्था

७. **योजना तर्जुमा प्रक्रियामा युवाको सहभागीता** : (१) स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बस्ती स्तरीय तथा वडा स्तरीय योजना तर्जुमाका चरणमा युवाको सहभागिता गराउने व्यवस्था गरिनेछ ।

(२) योजना छनोट प्रक्रियामा हुने  छलफल, प्राथमिकीकरण र निर्णय निर्माणमा सङ्गठित वा असङ्गठित युवाको अर्थपूर्ण सहभागिता बढाउँदै लगिने छ र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य परियोजना छनोट गर्न युवाको समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।

(३) योजना छनोटको अन्तरक्रियामा बृहत् युवा भेलाको आयोजना गरी युवा क्लब, युवा संजाल र स्थानीय तहका युवा परिषद्का प्रतिनिधिको सहभागितामा युवाका सवालहरु पहिचान गर्ने र योजना बनाउने व्यवस्था मिलाइने छ ।

(४) योजनाको प्राथमिकीकरण गर्दा युवाका सवाल सँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई सम्बोधन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

(५) योजना कार्यन्वयनका लागी आन्तरिक स्रोतको पहिचान गरी उपयोग गर्न युवालाई परिचालन गर्न उचित प्रबन्ध गरिनेछ ।

(६) योजना कार्यान्वयनका क्रममा वातावरण संरक्षणका लागी सचेतनामुलक कार्यमा युवाहरुलाई परिचालन गरिनेछ ।

८. **उपभोक्ता समितिको गठन प्रक्रियामा युवाको सहभागिता :** उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रतिशतले युवाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

९. **युवालाई विशेष अवसर प्रदान गर्ने :** (१) युवाको संगठित र नेतृत्व विकास गर्न तथा स्वयंसेवाका क्षेत्रको पहिचान गरी विविध क्षेत्रमा योगदान गर्ने गरी अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

(२) योजना छनोट गर्दा स्थानीय तह भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय विषयमा जनचेतना अभिवृद्धि तथा सशक्तिकरण गर्ने कार्यमा युवाको भुमिकालाई प्राथमिकता दिइनेछ ।

(३) विभिन्न विपद्, कोभिड जस्ता प्राकृतिक विपदको समयमा टेलिफोन, इन्टरनेट वा अन्य विद्युतीय माध्यमको प्रयोग गरी सरोकारवाल बिच आवश्यक छलफल, अन्तरक्रिया, बैठक आयोजना गरी आवश्यक सहजीकरणका लागी युवाको परिचालन गरिनेछ ।

१०. **वार्षिक वजेट विनियोजन सम्बन्धि व्यवस्था :** युवा लक्षित कार्यक्रम कार्यान्वयनका लागी छुट्टाइएको तोकिएको बजेट तथा तोकिएका कार्यक्रम अनिवार्य रुपमा संचालन गर्ने व्यावस्था मिलाइनेछ ।

११. **योजना कार्यान्वयनमा युवाहरुको सहभागिता :** योजना कार्यान्वयनमा सार्वजनिक सुचना सम्प्रेषकको भुमिका निर्वाह गर्ने गरी युवालाई महत्वपूर्ण साझेदारको रुपमा सक्रिय सहभागी गराइनेछ ।

(२) साझेदारीमा विभिन्न विषय तथा क्षेत्रगत कार्यक्रम संचालनका लागी युवालाई आव्ह्वान गरिनेछ ।

(३) युवा सँगको साझेदारीमा सीप विकास, उद्यमशिलता, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र सामाजिक विसंगति विरुद्धका अभियान जस्ता कार्यक्रममा सहकार्य गरिनेछ ।

(४) स्थानीय स्तरका युवा परिषद्, युवा संजाल र वडा स्तरीय युवा क्लबलाई योजना निर्माणको प्रक्रियामा संलग्न गराई आवश्यक पृष्ठपोषण लिइनेछ ।

१२. **अनुगमन तथा सुपरिवेक्षणमा युवाको संलग्नता :** (१) योजना कार्यान्वयनको कार्य कुशलता एवं प्रभावकारिताको अनुगमन गर्ने तथा सार्वजनिक जवाफदेहिताको सुनिश्चितताको लागी सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण जस्ता औजार प्रयोग गर्ने गराउने कार्यमा युवालाई संलग्न गराईनेछ ।

(२) स्थानीय तहमा संचालित विकास आयोजनाको अनुगमन तथा सुपरिवेक्षण कार्यमा युवाको विषयगत विज्ञता भएको आधारमा समन्वय समितिको सिफारिसमा सहभागीता सुनिश्चित गरिनेछ ।

(३) स्थानीय तहमा युवा बाट संचालित आयोजना अनुगमन तथा सुपरिवेक्षणमा आवश्यकता अनुसार आयोजना कार्यान्वयन हुने वडाको वडा स्तरका अनुगमन समितिका प्रतिनिधिलाई सहभागी गराइनेछ ।

(४) युवाका विषयमा र युवासँगको साझेदारीमा भएका कार्यक्रमको नियमित अनुगमन, सुपरिवेक्षण र मुल्याङ्कन गरी युवा समन्वय समितिले कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ ।

(५) स्थानीय तहका योजना अनुगमन तथा सुपरिवेक्षणमा संलग्न उत्कृष्ट युवा तथा युवा कार्यक्रमलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद - ४

## युवा समन्वय समिति सम्बन्धी व्यवस्था

**१३. युवा समन्वय समिति गठन :** (१) युवाको योजना निर्माणमा सहभागिता र युवा सँग सम्बन्धित कार्यक्रमको समन्वयका लागी स्थानीय तहमा देहायबमोजिमको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) संयोजक सामाजिक समिति | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक समिति संयोजक वा निजले तोकेको समितिको महिला सदस्य | सदस्य |
| (घ) स्थानीय युवा परिषद् उपाध्यक्ष | सदस्य |
| (ङ) क्रियाशिल युवा, युवा क्लब, सामाजिक संघ संस्था मध्ये बाट प्रमुख अध्यक्षले समावेशिको आधारमा मनोनित गरेका २ जना महिला सहित ६ जना | सदस्य |
| (च) शाखा प्रमुख युवा हेर्ने स्थानीय तहको शाखा/महाशाखा | सदस्य सचिव |

(२) उपदफा (१) मा भएको समितिको बैठकमा जिल्ला युवा परिषद्का अध्यक्ष, युवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

**१४. मनोनित सदस्यको योग्यता** : (१) देहायको योग्यता पुगेको युवा व्यक्ति समन्वय समितिमा मनोनयनका लागी योग्य हुनेछ ।

(क) १६ देखि ४० वर्ष सम्म उमेर भएका ।

(ख) आधारभूत तहको शिक्षा पुरा गरेका ।

(ग) युवा सँग सम्बन्धित अर्थिक, सामाजिक , साँस्कृतिक, राजनीतिक, स्वयंसेवा वा निजले प्रतिनिधित्व गर्ने क्षेत्र कृषि, उद्यम, खेलकुद जस्ता क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको ।

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग लागेको व्यक्ति भए सो अभियोग बाट सफाई पाएको ३ वर्ष पुरा भएको ।

(च) सरकारी सम्पति हिनामिना नगरेको ।

**१५. समितिका पदाधिकारी तथा सदस्यको पदावधी :** (१) समितिका मनोनित सदस्यको पदावधि ४ वर्षको हुनेछ ।

(२) मनोनित सदस्यको पदावधि १ कार्यकाल थप गर्न सकिनेछ ।

**१६ मोनोनित सदस्यको पद रिक्त हुने :** (१) देहायको अवस्थामा समितिका मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) पदबाट राजिनामा दिएमा ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

(ग) पदीय आचरण विपरित काम गरेमा ।

(घ) सदस्यको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम पदबाट हटाउने कार्वाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) समितिको कुनै पद रिक्त भएमा बाँकी अवधिको लागी क्षेत्रगत प्रतिनिधित्व कायम राखी नियूक्त गर्न सकिनेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) स्थानीय तहमा रहेका युवाको अभिलेखिकरण गर्ने विवरण अद्यावधिक गर्ने तथा उनीहरुको रुचिको क्षेत्रमा पहिचान सहित योग्य र सक्षम युवाको छनोट गर्न पालिकालाई सहयोग गर्ने ।

(ख) युवा सम्बन्धि कार्यक्रम एवं आयोजना संचालन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) वार्षिक योजना तर्जुमा प्रक्रियामा युवाको सहभागिताका लागी समन्वय गर्ने ।

(घ) योजना चक्रमा युवाको सहभागिता अभिवृद्धि गर्न वडा युवा क्लब, सान्नीत्रिवेणी गाउँपालिका स्तरिय युवा संजाल, गाउँपालिका युवा परिषद र अन्य सरोकारवाला सँग नियमित समन्वय र सहकार्य गर्ने ।

(ङ) युवाको प्रतिनिधित्वको समिक्षाका साथै कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(च) युवाले संचालन गरेका आयोजना वा क्रियाकलाप सम्बन्धि अभिलेलाई दुरुस्त राख्ने ।

(छ) युवाका क्षेत्रमा काम गर्ने युवा संघ संस्था, निजि क्षेत्र लगायत अन्य समिति तथा विभाग सँग समन्वय गरी युवाका विषयलाई मूलप्रवाहिकरण गर्ने ।

(ज) युवाको क्षमता अभिवृद्धि तथा स्वयंसेवाका क्षेत्रहरुको सहभागितालाई पहिचान गरी आवश्यक कार्यक्रमका लागी कार्यपालिकालाई सिफारिस गर्ने ।

(झ) विद्यालय स्तर मै युवा क्लब गठन र उनीहरुको सहभागितालाई अभिवृद्धि गरी सबल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने ।

(ञ) स्थानीय तहले तोकेका युवा समन्वय सम्बन्धि अन्य कार्य गर्ने ।

(२) उपदफा (१) मा तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तहले युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समिति सँगको परामर्शमा कार्यपालिकाबाट निर्णय गराई थप जिम्मेवारी तोक्न बाधा पुऱ्याएको मानिने छैन ।

**१८. समितिको बैठक सम्बन्धि व्यवस्था :** (१) समितिको बैठक सामान्यतया २ महिनाको एक पटक बस्ने छ आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ ।

(२) बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा उपस्थिति मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न  सक्नेछ ।

**१९. समितिका पदाधिकारी एवं सदस्यको आचारसंहिता सम्बन्धि व्यवस्था** : युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यले समितिका निर्णय र काम कारवाहिलाई पारदर्शी र विश्वसनीय बनाउन समितिको आचारसंहिता बनाई लागु गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## समन्वय तथा सहकार्य सम्बन्धि व्यवस्था

**२०. स्थानिय योजना प्रक्रियामा युवा सहभागिता** : (१) देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई स्थानीय योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धि सरोकारवालाको रुपमा पहिचान गरिनेछ ।

(क) स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा ।

(ख) स्थानीय स्तरका विभिन्न राजनीतिक दल र भातृ संगठन ।

(ग) स्थानीय स्तरमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदार सघं संस्था ।

(घ) सञ्चार माध्यम ।

(ङ) विभिन्न पेशा व्यावसायमा संलग्न युवा उद्यमी, अनुसन्धानकर्ता, विद्धत वर्ग ।

(च) स्थानीय व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बजार व्यवस्थापन समिति, फोहोर व्यवस्थापन समिति, वातावरण टोल विकास संस्था/समिति, उपभोक्ता समिति, महिला/आमा समुह, सरकारी र धार्मिक समुदाय जस्ता विभिन्न विषयगत समुह ।

(छ) युवा समुह ।

**२१. स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धि सरोकारवालाको भुमिका :**

**(१) स्थानीय तहको भुमिका**

(क) स्थानीय तहको नीति निर्माण प्रक्रियामा युवाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ख) स्थानीय तहमा युवा परिषद, स्थानीय तह स्तरिय युवा संजाल गठन गर्ने र प्रत्येक वडामा युवा क्लब गठन गरी युवाका लागी नेतृत्व विकास र स्वयंसेवाका अवसर सृजना गर्ने ।

(ग) शिक्षा, युवा तथा खेलकुद शाखाले विभागका कार्य सँग समाहित गर्दै थप कार्यक्रमका लागी प्रत्येक आर्थिक वर्षमा आन्तरिक, बाह्य र सशर्त बजेटका लागी पहलकदमी लिने ।

(घ) योजना प्रक्रियामा युवाको सहभागीता, सहकार्य र नेतृत्व विकास गर्ने ।

(ङ) नमुना युवामैत्री पालिकाका रुपमा स्थापित हुन आवश्यकता अनुसार राष्ट्रिय युवा परिषद् सँग समन्वय गर्ने ।

**(२) विकास साझेदारहरुको भुमिका**

(क) अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र, अन्तरदेशिय निकाय, संयूक्त राष्ट्रसंघ जस्ता विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा लगानी गर्ने ।

(ख) कार्यपालिका सँगको समन्वय र सहकार्य कार्यक्रम तय गर्ने ।

(ग) कार्यपालिकाले प्राथमिकीकरण गरेका युवाका क्षेत्रका कार्यक्रमलाई आधार बनाई कार्यक्रम संचालन कार्ययोजना बनाउने ।

(३) निजि क्षेत्रको भुमिका

(क) निजि क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत युवा लक्षित कार्यक्रम गर्ने ।

(ख) निजि क्षेत्रको नेतृत्वमा हुने कार्यक्रममा युवाको सहयोग लिने र युवा वर्गलाई उत्प्रेरित गर्ने ।

**(४) सामाजिक संघ संस्थाको भुमिका**

(क) सामाजिक संघ संस्थाले युवा संजालमा युवाको नेतृत्व र मुद्दालाई प्राथमिकता दिने ।

(ख) युवामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने ।

(ग) युवाको नेतृत्व विकासका लागी उनिहरुको सीप तथा क्षमता अभिवृद्धि हुने खालका कार्यक्रम लागु गर्ने ।

(घ) स्थानीय तह सँगको समन्वयमा युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।

**(५) सञ्चार क्षेत्रको भुमिका**

(क) युवाको सहभागिताको विषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने ।

(ख) युवाले गरेका सकारात्मक कार्यको प्रचार प्रसार गर्ने ।

(ग) युवालाई नैतिक शिक्षा हुने खालका कार्यक्रमको प्रकाशन ताथ प्रसारणमा जोड दिने ।

(घ) युवाको नेतृत्वमा भएका सफलतालाई प्रथमिकता दिने ।

२२. **समन्वय र सहकार्य :** (१) युवाको सहभागिता अभिवृद्धिका लागी संघ स्तरमा रहेका युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय , राष्ट्रिय युवा परिषद् र मातहतका समिति, प्रदेश सरकार अन्तर्गत युवा मामिला  मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य विषयगत मन्त्रालय बाट हुने युवा सम्बन्धि संघ र प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागी उचित समन्वय र सहकार्य गरिनेछ ।

(२) योजना निर्माण प्रक्रियामा युवा सहभागिता सुनिश्चित गर्न स्थानीय तह बाट युवाको विकासका लागी गरिएका प्रयासमा साझेदारी बढाई स्थानीय तहमा युवा संयन्त्रको विकास गरिनेछ ।

(३) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वयंसेवाका अवसर सृजना गर्न विभिन्न युवा संघ सङगठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, ासहकारी, निजि क्षेत्र र विकास साझेदार बाट साझा रुपमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

(४) युवा विकासमा कार्यरत संघ संस्था, संजाल, युवा क्लब, रेडक्रस, स्काउट, निजि क्षेत्रका युवा उद्यमी संस्थाको साझेदारीमा सहकार्य गरी यो कार्यविधि कार्यान्वयन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

## परिच्छेद - ६

## विविध

२३. **सहयोग गर्नु पर्ने :** यस कार्यविधि बमोजिम युवा सहभागिता बढाउनका लागी आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२४. **व्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

२५. **बाधा अड्काउ फुकाउन सक्ने** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन अएमा स्थानीय तहको कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२६. **संशोधन गर्न सक्ने :** कार्यपालिकाको अवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

**अनुसुचि-१**

**( दफा ३ को उपदफा १ सँग सम्बन्धित )**

**युवाको तथ्याङ्क अभिलेखिकरण र अद्यावधिक गर्ने फारमको ढाँचा**

**परिचयात्मक खण्ड**
नामथर :
स्थानिय तहको नाम : वडा नं :
घरमुलिको नाम : जातजाति :
परिवार संख्या : महिला संख्या : पुरुष संख्या : अन्य :
अपाङ्गता भए अपाङ्गताको किसिम :

**व्यक्तिगत खण्ड**
१६ देखि ४० वर्ष उमेर समुहका लागी
(१) उमेर : (२) लिङ्ग : म/पु
(३) वैवाहिक अवस्था : विवाहित/अविवाहित (४) अपाङ्गताको अवस्था :
(५) शैक्षिक अवस्था : (६) पेशा व्यावसाय :
(७) आवद्धता :

**शैक्षिक अवस्था :**
शैक्षिक संस्थामा पढन लेख्न गएको ☐ कहिल्यै विद्यालय विश्वविद्यालय नगएको ☐
हाल पढ्न लेख्न गइरहेको विद्यालय/विश्वविद्यालयको नाम :
शैक्षिक स्तर
(क) साक्षरता/अनौपचारिकता शिक्षा ☐ (ख) माध्यामिक शिक्षा/आधाभूत शिक्षा ☐
(ग) प्रविणता तह ☐ (घ) स्नातक तह ☐ (ङ)स्नातकोत्तर तह ☐
अध्याायन गरेको क्षेत्र :
(क) मानविकी ताथ सामाजिक शिक्षा ☐ (ख) व्यावस्थापन ☐ (ग) शिक्षा ☐
(घ) विज्ञान ताथ प्रविधि ☐ (ङ) स्वास्थ्य चिकितसाशात्र ☐ (च) इन्जिनियरिङ ☐
(छ) कानुन ☐ (ज) कृषि ☐ (झ) वन ☐
(ञ) पशुविज्ञान/पशुचिकित्सा मत्स्यपालन ☐ (ट)कम्प्यूटर/सुचना विज्ञान ☐
(ठ) अन्य ☐ (ड) थाहा छैन ☐

**पेशा व्यावसाय :**

(क) घरेलु ☐ (ख) उद्योग व्यावसाय ☐ (ग) कृषि ☐ वैदेशिक रोजगारी

(घ) वैदेशिक रोजगारी ☐ (ङ) पुर्णरोजगार ☐ (च) अर्धरोजगार ☐

(छ) पुर्ण बेरोजगार ☐

सिप/तालिम प्राप्त गरेको छ : सिप वा तलिम दिने निकाय :

मासिक आम्दानी : वार्षिक आम्दानी :

सम्पति विवरण :

**अपाङ्गताको अवस्था :**

(१) अपाङ्गता भएको ☐ (२) अपाङ्गता नभएको ☐

अपाङ्गता भएको भए अपाङ्गता किसिम:

(क) शारीरिक अपाङ्गता ☐ (ख) बहिरा ☐ (ग) सुस्तश्रवण ☐

(घ) पुर्ण दृष्टिविहिन ☐ (ङ) न्यूनदृष्टियूक्त ☐ (च) स्वर तथा बोलाइ सम्बन्धि ☐

(छ) श्रवण दृष्टिविहिन ☐ (ज) अनुवंशिय रक्तश्राव (होमोफेलिया) ☐ (झ) अटिजम ☐

(ञ) बौद्धिक अपाङ्गता ☐ (ट) मनोसामाजिक अपाङ्गता ☐ (ठ) बहुअपाङ्गता ☐

**विज्ञताको क्षेत्र :**

**रुचिको क्षेत्र :**

## अनुसुची - २

**( दफा ३ को उपदफा ३ सँग सम्बन्धित )**

**इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुरुप संलग्न हुने फारमको ढाँचा**

| पासपोर्ट साइजको फोटो |
| --- |

श्री.........................................

.................पालिकाको कार्यालय ।

मिति ...........................

विषय : स्वयमसेवकका रुपमा सहभागी हुन पाऊँ ।

महोदय,

म विगत...........वर्ष देखि..........................................विषयमा काम गर्दै आइरहेको छु । यस ..............................गाऊँपालिका/नगरपालिकामा सोही बमोजिमको योजना र कार्यक्रमको सुरुवात गरिएकाले मरो शैक्षिक योग्ता कार्यअनुभवका आधारमा ...............................कार्यका लागी स्वयमसेवा गर्न इच्छुक भएकाले यो निवेदन पेश गरेको छु ।

**(१) नामथर :**

**(२) ठेगाना :**

(क) स्थायी ठेगाना..........जिल्ला.......................गाऊँपालिका/नगरपालिका.....वडा..........टोल

(ख) अस्थायी ठेगाना..........जिल्ला.......................गाऊँपालिका/नगरपालिका.....वडा..........टोल

सर्म्पक नम्बर : .................................. इमेल ............................................. लिङ्ग....

**(३) जन्म मिति ( विक्रम सम्वत् ) ......................................**

**(५) उमेर :**

**(६) वैवाहिक अवस्था : विवाहित/अविवाहित**

**(७) विवाहित भए पति/पत्निको नाम :**

**(८) धर्म :**

**(९) नेपालि नागरिकताको प्रमाण पत्रको नम्बर,जारी भएको मिति र जिल्ला :**

**(१०) बाबुको नाम :**

**(११) आमाको नाम :**

**(१२) शैक्षिक योग्यता :**

**(१३) अपाङ्गता भएमा सोको विवरण :**

**(१४) सेवा गर्न चाहेको क्षेत्र विज्ञता र रुचिको विषय :**

**(१५) सेवा गर्न चाहेको सेवा अवधि :**

**सम्बन्धित विषयमा कुनै तालिम लिएको भए :** (१)

(२)

(३)

सेवा गर्न चाहेको विषयको अनुभव भएमा

.............देखि...............सम्म........................पदमा ..............................कार्यालय ।

.............देखि...............सम्म........................पदमा ..............................कार्यालय ।

.............देखि...............सम्म........................पदमा ..............................कार्यालय ।

( यो निवेदन सँगै नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्र प्रतिलिपी र तालिम लिएको भए सो प्रमाण्पत्रको प्रतिलिपी र कार्यअनुभवका प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ । )

निवेदकको नामथर :

दस्तखत :

मिति :

**अनुसुची - ३**

**( दफा ९ को उपदफा १ र दफा १७ को उपदफा १ को (ज) सँग सम्बन्धित )**

**युवा नेतृत्व विकास र स्वयमसेवाका क्षेत्र**

**१. नेतृत्व विकासको क्षेत्र**

**(१) युवाको क्षमता विकास**

यो कार्यविधिले सार्वजनिक निति निर्माण, निर्णय प्रक्रिया कार्यन्वयन र अनुगमन युवा सहभागीता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रुपान्तरण र वातावरणिय समस्या सामाधान गरी राष्ट्र निर्माणमा युवा सवयमसेवालाई आम साँस्कृतिक रुपमा विकास गर्न र युवालाई योजना निर्माण प्रक्रियाको नेतृत्वमा पुऱ्याउन निम्न क्षेत्रमा युवाको क्षमता विकास गर्न आवश्यक छ ।

(क) युवा नेतृत्व विकासका लागी युवाको रुची,ज्ञान, सिप र धारणाको आधारमा राष्ट्रनिर्माणमा संलग्न हुन उत्पेरणा जगाई काम गर्ने अवसर सृजना गर्ने ।

(ख) युवा विकास तथा तालिम, आपसी छलफल, गोष्ठी, अध्यायन, अनुसन्धान, नेतृत्व विकास सम्बन्त्रि तालिम र क्षमता अभिवृद्धि, साँस्कृतिक आदान प्रदान र सहकार्यको सँस्कृती बनाउन स्थानिय तहमा युवा विकास स्रोत केन्द्र निर्माण गर्ने ।

(ग) युवा नागरिक संघ संस्था, संजाल, उद्यमशिल  समुहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका लागी विशिष्टिकृत तालिम संचालन गर्ने ।

(घ) युवा नेतृत्व प्रतिष्ठान स्थापना गरी नियमित रुपमा युवाको नेतृत्व गर्ने जनशक्ति तयार गर्ने ।

(ङ) युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागी प्रादेशिक, संघिय, अन्तरदेशिय, दक्षिण एशियाली र अनतराष्ट्रिय तालिम। गोष्ठी तथा युवा लक्षित कार्यक्रम र शिविरमा युवालाई सहभागी गराउने ।

(च) युवा प्रतिभाको खोजी गरी प्रत्साहन गर्ने तथा निजको विकास गर्न मद्दत पुऱ्याउने ।

**(२) नव प्रवर्तन, सिप विकास र उद्यमशिलता प्रवर्द्धन**

(क) युवाका नविनतम विचारलाई संकलन र मुल्याङ्कन गरी उत्कृष्ट विचारलाईृ इन्क्यूवेट गर्ने ।

(ख) युवालाई सहकारी जस्ता विभिन्न सामाजिक आर्थिक समुहमा आवद्ध गराई उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा उत्पादन गर्ने ।

(ग) युवाको सिपलाई रोजगारी र बजार सँग जोड्ने उद्यमशिलता प्रवर्दनमा भइरहेका कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधिको उपलब्धता र सहुलियत पुर्ण कर्जा सहयोग जस्ता विषयमा वित्तिय संस्था र युवा बीचमा सहजिकरण गर्ने ।

(घ) युवा सुचना केन्द्रको क्षमता अभिवृद्धि गरी सो मार्फत युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले वडा तह सम्म बिस्तार गर्ने ।

(ङ) विदेशमा रहेका प्रतिभावान युवाको सिप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने ।

**(३) युवा क्लब र संजाल गठन तथा परिचालन**

(क) छरिएर रहेका युवाहरुलाई सँगठित गर्ने प्रत्येक वडामा वडा स्तरिय युवा क्लब गठन गर्ने र सबै क्षेत्रका युवा र वडा युवा क्लबबाट प्रतिनिधित्व हुनेगरी युवा संजाल निर्माण गरी युवा संस्था तथा संजाल सँग सहकार्य गर्ने ।

(ख) बढ्दो अव्यावस्थित बसोबासलाई व्यावस्थापन गर्न र सबै प्रकारका जोखिम बाट सुरक्षित रहन युवा समुहलाई जागरुक गर्ने ।

(ग) युवा निरक्षरता उन्मुलन, वातावरण संरक्षण, ग्रमिण स्वास्थ्य स्वयमसेवा, सिप विकास र उद्यमशिलताका लागी युवा संजाललाई सहयोग उपलब्ध गराई पचािलन गर्ने ।

(घ) र्सावजनिक सेवा प्रवाह, निति निर्माण, विकास , व्यावस्थापन, सामाजिक, आर्थिक रुपान्तरण युवा सहभागीता सुनिश्चित गरी महत्वपुर्ण जिम्मेवारी प्रदान गर्ने

(ङ) प्रादेशिक, राष्ट्रिय, सेवा अवसरमा युवाको सहभागीता सुनिश्चित गर्ने ।

(च) महिला, दलित, अपाङ्ग, जनजाती, पिछडिएको क्षेत्रका, अल्पसंख्यीक, लैङ्गिक तथा यौनिक अल्पसंख्यीक युवाको समावेशिता महत्वपुर्ण स्थानमा सुनिश्चित भए नभएको थाहा पाउन समावेशिता परिक्षण कार्यक्रम संचालन गर्ने ।

**(४) युवा हक अधिकारको सुचत गर्ने**

(क) सामाजिक र नागरिक अधिकार र दायित्व सम्बन्धि चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रम संचालन गर्ने ।

(ख) युवा क्लब मार्फत युवा नेतृत्व। युवाको निति निमार्ण तहमा नेतृत्वको महत्व, युवा समावेशि अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, गुणस्तरिय शिक्षा तथा रोजगारको अधिकार, युवाको भुमिका तथा प्राकृतिक स्रोत साधन माथीको अधिकार, युवाको खाद्य अधिकार, युवा्को आर्थिक, राजनितिक, सामाजिक, तथा साँस्कृतिक अधिकारतथा वातावरणी अधिकारका विषयमा सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

(ग) जिम्मेवार युवा नागरीक तयार गरी लोकतन्त्र मानव अधिकार र सुशासन प्रर्वद्धन गर्न युवको सामाज, परिवार, वातावरण र समग्र राष्ट्रप्रतिको दायित्व सँग सम्बन्धित उत्पेरणमुलक कार्यक्रम संचालन गर्ने ।

**(५) युवा सहकार्य**

(क) मानव अधिकार लोकतन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागी अन्तराष्ट्रिय संघ संस्था गैरआवासिय नेपालि युवा, दातृनिकाय तथा विभिन्न प्रदेश तथा देशका युवा विच सहकार्य बढाउने अन्य स्थानिय तह सँग युवा भगिनी र मेतेरी कार्यक्रम संचालन गर्ने ।

(ख) सामाजिक साँकृतिक सम्मेलनका लागी विविध जाती , धर्म, सम्प्रदाय, लिङ्ग, क्षेत्रका युवा विच सह - अस्तित्व, सहकार्य र सदभाव विकास गर्न अन्तर साँकृतिक युवा सम्मेलन महोत्सव गर्ने ।

(ग) पुरानो पुस्ताको अनुभव र नयाँ पुस्तामो उर्जाको समिश्रण गरी दुवै पुस्ता बिचमा सहकार्य ( Intergenerational partnership ) गरी समृद्धिका लागी पुसतान्तरण, सकरात्मक अनुभवको हस्तान्तरण र रुपानतरण कार्यक्रम संचालन गर्ने ।

**(६) आमसंचार र युवा**

(क) स्थानिय, प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सुसूचित गराउन एवं सामाजिक विकृति र विसंगती, हिंसा, अपराध, वेचविखन तथा दुवर्यसनीका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम संचालन गर्ने बुलेटिन खबर पत्रिका प्रकाशन गर्ने ।

(ख) सूचना सम्प्रेषणका लागी युवाको नेतृत्वमा स्थानिय सुचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुटै अनलाइन पत्रिका वेबसाइट संचालन गर्ने ।

**(७) सामजिक समावेशिता**

(क) स्थानिय तहले संचालन गर्ने कार्यक्रममा अपाङ्गता भएका युवा जोखिममा रहेका युवा द्वन्द्ध प्रभावित युवा अल्पसंख्यीक र सिमान्तकृत युवा दलित समुदाय र पिछडिएको क्षेत्रका युवा जस्ता लक्षित समुहका युवाको सहभागिता सुनिश्चित गर्ने ।

(ख) युवा भित्रको सामाजिक समावेशिता अभिवृद्धिका लागी स्थानिय भाषामा सुचना प्रकाशन ब्रेललिपी, दोभाषेको व्यावस्था, अपाङ्गमैत्री समाजिक संरचनाको व्यावस्था गर्ने ।

(ग) प्राथमिक र विशेष प्राथमिकतामा रहेका युवाको सशक्तिकरण र अभिमुखिकरण, आवश्यकता अन'सारको सिप मुलक र व्यावसायिक शिक्षा स्वास्थ्य उपचार सेवा र रोजगारी लगायतका विषयमा विशेष ध्यान दिने ।

**२. युवा स्वयंसेवा**

**(१) मानवीय कार्यमा युवा स्वयंसेवा**

(क) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी विभिन्न क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने यस्ता स्वयंसेवक शिक्षा, सामाजिक चेतना ग्रमिण स्वास्थ्य वातावरण सूचना केन्द्र कृषि तथा सेवा क्षेत्रमा परिचालन ख गर्ने ।

(ख) रक्तदान सरसफाई जस्ता स्वयांसेवी कार्यक्रमहरु आयोजना गर्ने यस्ता कार्यक्रम युवा क्लबहरु मार्फत अघि बढाउने ।

(ग) नेपाली सेना नेपाली प्रहरी, सशस्त्र प्रहरी बल राष्ट्रिय स्वयं सेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी राजनिति संगठन, क्लब तथा युवा संघ जस्ता संघ संस्थाको समन्वयमा आपतकालिन स्वयंसेवा सम्बन्धि प्रशिक्षण दिने तथा परिचयपत्र प्रदान गरी सामाजिक सेवाका विभिन्न क्षेत्र जस्तै भूकम्प र प्राकृतिक विपत्ति, माहामारी दुर्घटना खाद्य संकट र भोकमरी डढेलो द्वन्द्ध तथा बाढिपहिरो जस्ता विपत्तिहरुमा परिचालन गर्ने ।

**(२) वन तथा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धन युवा संलग्नता**

(क) युथ ग्रिन क्लब निर्माण गरी वातावरण सचेतना र संरक्षण, सरसफाई, वृक्षारोपण लगायतका कार्य संचालन गर्ने ।

(ख) हौसियत बिग्रेका वन उपयोगीहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने ।

(ग) पर्यटन विकासका लागी होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भाबनाको खोजी सँस्कृतिक सम्पदा संरक्षण नयाँ पर्यटकिय स्थलको प्रर्वद्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रम आयोजना गर्ने ।

**(३) स्वयंसेवालाई विकासको आधारशिलाको रुपमा स्थापित गर्ने**

(क) स्वयंसेवा गरेका युवालाई रोजगारीका अवसर, निर्वाह भत्ता पदोन्नती र अन्य सेवाका लागी सकारात्मक मूल्याङ्कन गर्ने युवा स्वयंसेवक समुह गठन गरी विपत् तथा आपतकालिन अवस्थामा पचिालन गर्न युवा स्वयंसेवक तयार गर्ने स्वयंसेवकको अनुभव भएका युवालाई विशेष प्राथमिकतामा राख्ने ।

(ख) प्रत्येक वर्ष डिसेम्वर ५ मा मनाइने अन्तराष्ट्रिय स्वयंसेवक दिवसका अवसरमा विभिन्न क्षेत्रमा स्वयमसेवा गर्नेहरु मध्येबाट फरक विधाका कम्तिमा पाँच जना स्वयंसेवकलाई प्रत्येक वर्ष सम्मान गर्ने ।

**३. सामाजिक विकृति विसङ्गती विरुद्ध युवा अभियान**

(१) विद्यमान महिला हिंसा, जातिय विभेद, तथा छुवाछुत, बोक्सी, छाउपडि प्रथा बालविवाह बहुविवाह जस्ता विकृति विसङ्गति विरुद्ध अभियान संचालन गर्न स्थानिय युवा क्लब युवा संजाल तथा युवा सम्मेलित निजि क्षेत्रलाई उत्प्रेरित र प्रोत्साहित गर्ने ।

(२) लागुपर्दाथ दुर्व्यसनी,कुलत, एचाभी संक्रमण, आप्रवासन, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भई सचेतना कार्यक्रम संचालन गर्ने ।

(३) साइबर क्राइम तथा आधुनिक प्रविधिको दुरुपयोग सम्बन्धि सचेतना अभियान संचालन गर्ने ।

(४) महिला हिंसा, मानव वेचविखन, लागुपर्दाथ ओसार पसार तथा विभिन्न सामाजिक विकृति नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने ।

(५) छोरी बुहारी बचाऔं, पढाऔं, बालिका शिक्षा, बालिका बिमा, जस्ता अभियान मुलक कार्यक्रम युवाको नेतृत्वमा संचालन गर्ने ।

(६) युवा नेतृत्वका विषयलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्ने विद्यालय स्तरमा युवा क्लब गठन र उनिहरुको सहभागीतालाई अभिवृद्धि गरी सबल युवा र सक्षम नागरिक बनाउन भुमिका निर्वाह गर्ने ।